# प्रदेश राजपत्र

बागमती प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ७) हेटौंडा, नेपाल, माघ २५ गते, २०८० साल (सङ्ख्या ३०


## भाग ३

### बागमती प्रदेश सरकार

## सामाजिक विकास मन्त्रालय

### हेटौंडा, नेपालको

## सूचना

### चेपाङ समुदायको उत्थानका लागि चिउरी र चमेरो संरक्षण कार्यक्रम सञ्चालन निर्देशिका, २०८०

**प्रस्तावनाः** उत्पीडित तथा पिछडिएको क्षेत्रका नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण, विकास र आधारभूत आवश्यकता परिपूर्तिका अवसर तथा लाभको लागि विशेष व्यवस्था गर्ने संवैधानिक प्रावधानअनुरूप आर्थिक,

सामाजिक रूपमा विपन्न तथा पिछडिएको सीमान्तकृत चेपाङ समुदाय बसोबास रहेको क्षेत्रमा उनीहरूको जीविकोपार्जनको लागि चिउरी र चमेरोको संरक्षण गर्दै जीवनस्तरमा सुधार ल्याई गुणस्तरीय जीवनयापनमा सहयोग पुऱ्याउने गरी चेपाङ समुदायको उत्थानका लागि चिउरी र चमेरो संरक्षण कार्यक्रम सञ्चालन गर्न,

प्रदेश सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०७७ को दफा ४६ ले दिएको अधिकार प्रयोग गरी बागमती प्रदेश सरकारले यो निर्देशिका जारी गरेको छ।

## परिच्छेद- १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस निर्देशिकाको नाम "चेपाङ समुदायको उत्थानका लागि चिउरी र चमेरो संरक्षण कार्यक्रम सञ्चालन निर्देशिका, २०८०" रहेको छ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) "कार्यक्रम" भन्नाले चेपाङ समुदायको उत्थानका लागि चिउरी र चमेरो संरक्षण कार्यक्रम सम्झनु पर्छ।

(ख) "मन्त्रालय" भन्नाले सामाजिक विकास मन्त्रालय सम्झनु पर्छ।

(ग) "स्थानीय समिति" भन्नाले दफा ८ बमोजिम गठित समिति सम्झनु पर्छ।

(घ) "लक्षित समूह" भन्नाले दफा ४ को उपदफा (१) को खण्ड (क) बमोजिमको क्षेत्रभित्र बसोबास गर्ने चेपाङ समुदाय सम्झनु पर्छ।

(ङ) "स्थानीय तह" भन्नाले गाँउपालिका, नगरपालिका समेतलाई सम्झनु पर्छ।

(च) "सरोकारवाला" भन्नाले आयोजना कार्यान्वयनसँग प्रत्यक्ष सम्बन्धित व्यक्ति, पदाधिकारी र संस्था समेतलाई सम्झनु पर्छ।

३. **कार्यक्रमको उद्देश्यः** यस कार्यक्रमको उद्देश्यहरू देहायबमोजिम हुनेछः-

(क) सीमान्तकृत चेपाङ समुदायको आर्थिक, सामाजिक तथा सांस्कृतिक सशक्तीकरण गर्न टेवा पुऱ्याउनु,

(ख) चेपाङको जीवनशैलीमा परम्परादेखि जोडिएको चेपाङ, चिउरी र चमेरोबीचको पारिस्थितिक प्रणाली सुदृढ पार्दै आर्थिक उपार्जन र वातावरण संरक्षणमा आबद्ध गर्नु,

(ग) चमेरोको संरक्षणका लागि यसको प्रजनन (breeding) देखि उपयोग र संरक्षणका चक्रमा कार्यक्रम सञ्चालन गर्नु,

(घ) चिउरी संरक्षणका लागि जग्गा व्यवस्थापन रोपण संरक्षण उत्पादन वृद्धि र चिउरीजन्य उत्पादनको बजारीकरणमा समन्वयात्मक एवं सहभागितामूलक कार्यक्रम सञ्चालन गर्नु र

(घ) चिउरी तथा चमेरोको पारिस्थितिक चक्रका विभिन्न चरणमा प्रदेश सरकार, स्थानीय तह र समुदायको सहभागितालाई प्रभावकारी बनाउनु।

## परिच्छेद- २

## कार्यक्रम सञ्चालन प्रक्रिया

४. **लक्षित समुदायः** चेपाङ समुदायको उत्थानका लागि चिउरी र चमेरो संरक्षण कार्यक्रमका लागि देहायबमोजिमका स्थानीय तह र लक्षित वर्ग समेटिने गरी कार्य गर्नुपर्नेछः-

(क) चेपाङ समुदायको बसोबास भएको मकवानपुर जिल्लाको राक्सिराङ गाउँपालिका, चितवन जिल्लाको राप्ती नगरपालिका, कालिका नगरपालिका र इच्छाकामना गाँउपालिका तथा धादिङ जिल्लाको गजुरी गाउँपालिका र वेनिघाट रोराङ गाँउपालिका यस कार्यक्रमको कार्यक्षेत्र रहनेछन्।

(ख) खण्ड (क) बमोजिमको स्थानीय तहमा बसोबास गर्ने चेपाङ समुदाय लक्षित समुदाय हुनेछन्।

(ग) चेपाङ बाहुल्य मौरी पकेट क्षेत्रहरूलाई प्राथमिकतामा राखी लक्षित समुदायका अधिकतम सदस्यको

सहभागिता सुनिश्चित हुने गरी कार्यक्रम सञ्चालन गर्न सकिनेछ।

५. **<u>कार्यक्रम सञ्चालन विधिः</u>** (१) सम्बन्धित स्थानीय तहको बीस प्रतिशत लागत सहभागितामा अनुसूची-१ बमोजिमको ढाँचामा प्रस्ताव आह्वान गरी कार्यक्रम सञ्चालन गरिने छ।

(२) सञ्चालित समग्र कार्यक्रमको प्रतिवेदन तयार गर्ने जिम्मेवारी स्थानीय तहको हुनेछ।

६. **<u>कार्यक्रम अन्तर्गतका क्रियाकलापहरूः</u>** यस कार्यक्रम अन्तर्गत देहायका क्रियाकलापहरू सञ्चालन गरिनेछः-

(क) चिउरीको वृक्षारोपणको लागि जग्गा पहिचान, एकीकरण, हावापानी अनुकूल विरुवा उत्पादन, वितरण र संरक्षणको व्यवस्था गर्ने।

(ख) चमेरो संरक्षणका लागि चमेरोको प्रजनन, आहारविहार र संरक्षणमा योगदान पुऱ्याउने खालका अनुसन्धानमा आधारित कार्यक्रम सञ्चालन गर्ने।

(ग) मौरी चरीचरन संरक्षण, मह उत्पादनको उत्पादकत्व वृद्धि एवं उत्पादित महको बजारीकरणका लागि आवश्यक कार्यक्रमहरू सञ्चालन गर्ने।

(घ) चिउरी वनक्षेत्रमा छोटो समयमा उत्पादन दिने अदुवा खुर्सानी लगायतका सहायक बाली लगाउन प्रोत्साहित गरी बजारीकरणमा सहयोग गर्ने,

(ङ) चिउरीजन्य उत्पादनको महत्त्वबारे जनचेतना अभिवृद्धि, उत्पादनको सङ्कलन, प्रशोधन, भण्डारण, विक्री वितरण एवं बजारीकरणका कार्यक्रम सञ्चालन गर्ने।

(च) सम्बन्धित क्षेत्रका विद्यालय र चेपाङ्ग समुदायमा चेपाङ्ग, चिउरी तथा चमेरोको पारिस्थितिक प्रणाली र चेपाङ्ग संस्कृतिका विषयमा सचेतनामूलक विभिन्न कार्यक्रम सञ्चालन गर्ने,

(छ) चिउरी पकेटक्षेत्र एवं चेपाङ्ग सर्किटलाई पर्यटकीय क्षेत्रको रूपमा प्रवर्द्धन र विकास गर्ने।

## परिच्छेद- ३
## संस्थागत व्यवस्था

७. **निर्देशक समितिः** (१) कार्यक्रम कार्यान्वयनको लागि आवश्यक नीति तर्जुमा, समन्वय एवं मार्गदर्शन गर्न देहायबमोजिम समिति रहनेछः-

(क) माननीय मन्त्री, मन्त्रालय -अध्यक्ष

(ख) सचिव, वन तथा वातारण मन्त्रालय -सदस्य

(ग) सचिव, कृषि तथा पशुपन्छी विकास मन्त्रालय -सदस्य

(घ) समितिले मनोनयन गरेको चेपाङ, चिउरी र चमेरोको क्षेत्रमा अनुभव

भएका विज्ञ १ जना -सदस्य

(ङ) कार्यक्रम सञ्चालन हुने स्थानीय तहका प्रमुख/अध्यक्ष -सदस्य

(च) सचिव, मन्त्रालय -सदस्य सचिव

(२) समितिले बैठकमा आवश्यकताअनुसार सम्बन्धित क्षेत्रका व्यक्तिहरूलाई आमन्त्रण गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिमको समितिको काम तथा कर्तव्य देहायबमोजिम हुनेछः-

(क) कार्यक्रम कार्यान्वयनको लागि नीति तथा मापदण्ड तय गर्ने,

(ख) अन्तर मन्त्रालय र स्थानीय तहसँग समन्वय र सहजीकरण गर्ने,

(ग) कार्यक्रमको अनुगमन गरी पृष्ठपोषण र निर्देशन दिने र

(घ) कार्यक्रम कार्यान्वयनका लागि आवश्यक स्रोत व्यवस्थापनमा समन्वय गर्ने।

८. **कार्यान्वयन समितिः** (१) यस निर्देशिका बमोजिमको कार्यक्रम कार्यान्वयनका लागि सम्बन्धित स्थानीय तहमा देहायबमोजिमको कार्यकारी समिति रहनेछः-

(क) उपप्रमुख/उपाध्यक्ष -संयोजक

(ख) चेपाङ समुदायको बाहुल्य रहेको वडाका वडा अध्यक्ष -सदस्य

(ग) चेपाङ समुदायको स्थानीय तह स्तरीय समितिको अध्यक्ष/प्रतिनिधि -सदस्य

(घ) वन तथा वातावरण मन्त्रालयको जिल्लास्थित कार्यालयको अधिकृत प्रतिनिधि -सदस्य

(ङ) कृषि तथा पशुपन्छी विकास मन्त्रालयको जिल्लास्थित कार्यालयको अधिकृत प्रतिनिधि -सदस्य

(छ) प्रमुख प्रशासकीय अधिकृत -सदस्य सचिव

(२) समितिले बैठकमा आवश्यकताअनुसार सम्बन्धित क्षेत्रका व्यक्तिहरूलाई आमन्त्रण गर्न सक्नेछ।

९. <u>**कार्यान्वयन समितिको काम, कर्तव्य र अधिकारः**</u> कार्यान्वयन समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) मन्त्रालयबाट स्वीकृत भइ अख्तियारीसाथ प्राप्त भएको वा हस्तान्तरण भै आएको कार्यक्रम कार्यान्वयनका लागि सम्बन्धित कार्यालय र समुदायको परिचालन गरी कार्यक्रम कार्यान्वयन गर्ने गराउने,

(ख) दफा ७ बमोजिमको समितिसँग समन्वय कायम गरी कार्यक्रम कार्यान्वयनको क्रममा आइपर्ने समस्याहरू समाधान गर्ने,

(ग) कार्यक्रम अन्तर्गत रहने गरी चिउरी वन एवं चमेरो संरक्षणका लागि हेरालु, (सहजकर्ता) व्यवस्थापन गर्दा सम्बन्धित समुदायको व्यक्तिबाट नियमानुसार खटाउने,

(घ) चेपाङ्गको परम्परागत खानेकुरा गिठ्ठा, भ्याकुर, वनतरुल लगायतका कन्दमूलको संरक्षणका कार्यक्रम प्रचारप्रसार र बजारीकरण गर्ने तथा उपयोगको महत्वबारे जनचेतना अभिवृद्धि गर्ने।

(ङ) चिउरीको वृक्षारोपणको लागि सार्वजनिक जग्गा पहिचान गरी सामुदायिक जिम्मेवारीमा रहने गरी वृक्षारोपण एवं संरक्षण गर्ने गराउने,

(च) छिटो फल्ने रोग प्रतिरोधी उन्नत जातको हावापानी अनुकूल चिउरीको बेर्ना विकास गर्न डिभिजन वन कार्यालयसँग सहकार्य गर्ने,

(छ) चेपाङ्ग समुदायका मह उत्पादक व्यक्ति तथा संस्थाहरूसँग समन्वय गरी उत्पादनको गुणस्तर वृद्धि, भण्डारण एवं बजारीकरणमा सहयोग पुऱ्याउने,

(ज) चमेरो संरक्षणका लागि चमेरोको प्रजनन, आहारविहार र संरक्षणमा योगदान पुऱ्याउने खालका अनुसन्धानमा आधारित कार्यक्रम सञ्चालन गर्न सम्बन्धित निकायसँग समन्वय र सहकार्य गर्ने,

(झ) मौरी चरिचरन संरक्षणका लागि चिउरी फुल्ने मौसम बाहेकमा पनि मौरीको चरिचरनको लागि वैकल्पिक फूल तथा विरूवाहरू रोप्न स्थानीय समुदायलाई प्रोत्साहित गर्ने,

(ञ) चिउरी वनक्षेत्रमा छोटो समयमा उत्पादन दिने अदुवा, खुर्सानी लगायतका सहायक बाली लगाउन प्रोत्साहित गरी बजारीकरणमा सहयोग गर्ने,

(ट) विद्यालयको स्थानीय पाठ्यक्रममा चेपाङ्ग, चिउरी तथा चमेरोको पारिस्थितिक प्रणाली र चेपाङ्ग संस्कृतिको जानकारी दिने पाठ्यवस्तु समावेश गर्ने,

(ठ) चिउरी पकेटक्षेत्र एवं चेपाङ्ग सर्किटलाई पर्यटकीय क्षेत्रको रूपमा प्रवर्द्धन गर्न अन्तरपालिका समन्वय गर्ने, र

(ड) उल्लिखित क्रियाकलापका लागि स्रोत व्यवस्थापनमा समन्वय गर्ने।

## परिच्छेद- ४
## स्रोत व्यवस्थापन

१०. **बजेट निकासा:** स्थानीय तहबाट प्राप्त कार्यक्रमको प्रस्तावका आधारमा मन्त्रालयले सशर्त चालु अनुदान वा वित्तीय हस्तान्तरणमार्फत सशर्त अनुदान उपलब्ध गराउने छ र आर्थिक वर्ष २०८०।८१ को बजेटका हकमा मन्त्रालयले स्वीकृत कार्यक्रमका लागि स्थानीय तहमा अख्तियारीमार्फत रकम पठाउने छ।

११. **लेखा राख्नु पर्नेः** यो कार्यक्रम सञ्चालन गर्दा प्रचालित कानूनबमोजिम खर्च गर्ने, खर्चको लेखा राख्ने लेखा परीक्षण गराउने लगायतका वित्तीय उत्तरदायित्व सम्बन्धित स्थानीय तहको हुनेछ।

## परिच्छेद- ५

## विविध

१२. **खरिदसम्बन्धी व्यवस्थाः** कार्यक्रमको लागि आवश्यक प्रविधि हस्तान्तरण लगायतका सामग्री खरिद गर्दा स्थानीय तहले प्रचलित कानूनबमोजिम प्रतिस्पर्धात्मक विधि अवलम्बन गर्नुपर्नेछ।

१३. **सार्वजनिक परीक्षणः** कार्यक्रम सम्पन्न भएपश्चात कार्यक्रम सञ्चालन गर्ने स्थानीय तहले कार्यक्रमको लाभ लागत लगायतका विवरण समेतको प्रतिवेदन तयार गरी स्थानीय तहको वेबसाइटमार्फत सार्वजनिक गर्नुपर्नेछ।

१४. **कार्यक्रमको अनुगमन र मूल्याङ्कनः** कार्यक्रमको अनुगमन र मूल्याङ्कन मन्त्रालय तथा स्थानीय तहले आवश्यकताअनुसार गर्नेछ।

१५. **प्रतिवेदन पेश गर्नुपर्नेः** कार्यक्रम सम्पन्न भइसकेपछि कार्यक्रम सञ्चालन गर्ने निकायले कार्यक्रमको प्रतिवेदन लाभग्राहीमध्ये दुई तिहाइ सदस्यको निर्णयबाट अनुमोदन गरी मन्त्रालयमा पठाउनु पर्नेछ र सो को आधारमा मन्त्रालयले एकीकृत प्रतिवेदन तयार गर्नेछ।

१६. **समन्वय, अभिलेख एवम् व्यवस्थापनः** कार्यक्रमको समन्वय, अभिलेख, एवम् व्यवस्थापनको कार्य मन्त्रालयले गर्नेछ।

१७. **<u>प्रचलित कानूनबमोजिम हुने:</u>** यस निर्देशिकामा उल्लेख भएका विषय यसै निर्देशिकाबमोजिम र  अन्य विषयहरू प्रचलित कानूनबमोजिम हुनेछन्।

१८. **<u>निर्देशिका संशोधन तथा परिमार्जन:</u>** यस निर्देशिकामा आवश्यकता अनुसार प्रदेश सरकारले, संशोधन एवम् परिमार्जन गर्न सक्नेछ।

## अनुसूची- १

(दफा ५ को उपदफा (१) सँग सम्बन्धित)

**<u>चेपाङ समुदायको उत्थानका लागि चिउरी र चमेरो संरक्षण कार्यक्रम सञ्चालन प्रस्तावको ढाँचा</u>**

१) स्थानीय तहको नामः-

२) प्रस्तावित कार्यक्रमको विवरण

(क) प्रस्तावित कार्यक्रमको नामः-

(ख) प्रस्तावित कार्यक्रम सञ्चालन स्थलः-

(ग) कार्यक्रम प्रारम्भ हुने मितिः-

(घ) कार्यक्रम सम्पन्न हुने मितिः-

(ङ) क्षेत्रः-

(च) प्रस्तावित कार्यक्रमको अवधारणाः-

..........................................................................

..........................................................................

..........................................................................

..........................................................................

..........................................................................

(छ) प्रस्तावित कार्यक्रमको औचित्यः-

..........................................................................

..........................................................................

..........................................................................

(ज) कार्यक्रम सञ्चालन विधिः-

.............................................................................................

.............................................................................................

.............................................................................................

.............................................................................................

(झ) प्रस्तावित कार्यक्रमको कुल लागत रु........................

(ञ) मन्त्रालयबाट माग गरिएको रकम रु.........................

(ट) प्रस्तावित कार्यक्रमको कार्ययोजना

| **क्र.सं.** | **कृयाकलाप** | **सञ्चालन हुने समय/मिति** | **अनुमानित लागत** | **स्थान** |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

(ठ) जनशक्ति व्यवस्थापन

| **क्र.सं.** | **विवरण** | **सङ्ख्या** | **दक्षता** |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

३) प्रस्तावित कार्यक्रमको प्रकृतिः-

..................................................................................

..................................................................................

..................................................................................

..................................................................................

४) लाभग्राही छनौट विधिः-

..................................................................................

..................................................................................

..................................................................................

..................................................................................

<u>प्रस्तावक</u>

नाम, थरः-

पदः-

दस्तखतः-

सम्पर्क नं.:-

स्थानीय तहको छापः-

**आज्ञाले,**

**डा. भीष्मकुमार भूसाल**

**प्रदेश सरकारको सचिव**



आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश, हेटौंडामा मुद्रित।

मूल्य रू. १०।-